नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४५११७७६
मोबाईल नं.: ९८५१२८३१४०

पो.ब.नं.: ४०७
लाजिम्पाट, काठमाडौं।

मिति २०८३/०१/३० गते।
ने.सं. ११४६

# प्रेस विज्ञप्ती - ७३

## "ठगी तथा आपराधिक विश्वासघात सम्बन्धी कसूरमा प्रमुख कार्यकारी अधिकृत ज्योति पाण्डे पक्राउ"

प्रस्तुत विषयमा नेपाल दूरसञ्चार प्राधिकरण जमल काठमाडौंबाट मिति २०७०।०१।०२ गते दूर सञ्चार सेवा सञ्चालन गर्नको लागि आधारभूत टेलिफोन सेवाको अनुमतिपत्र (नं. BTSL-01)लिई सञ्चालन भएको "स्मार्ट टेलिकम प्रा. लि." ले नियमानुसार अनुमतिपत्र नवीकरण नगरेको कारणबाट दूरसञ्चार ऐन, २०५३ को दफा २५ को उपदफा (५) बमोजिम मिति २०८०/०१/०३ गतेदेखि अनुमतिपत्र स्वतः रद्द भएकोमा दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७९ को नियम १८ बमोजिम सम्पूर्ण सम्पत्ति, दूरसञ्चार पूर्वाधार, संरचना, दूरसञ्चार प्रणाली र दूरसञ्चार सञ्जाल नेपाल दूरसञ्चार प्राधिकरणले नियन्त्रणमा लिएकोमा **नेपाल सरकारको सम्पत्ति बेइमानी पूर्वक नेपाल सरकारको हक टुटाउने उदेश्यका साथ कार्य गरी गराई** मुलुकी अपराध संहिता, २०७४ अन्तर्गत ठगी तथा आपराधिक विश्वासघात कसूरमा लोन रिकभरी कमिटि (LRC) को अध्यक्ष समेतको हैसियतमा उक्त लिलामी प्रक्रियामा संलग्न जिल्ला काठमाडौं का.म.पा. वडा नं. १८, रक्तकाली स्थायी ठेगाना भई हाल जिल्ला ललितपुर, ललितपुर म.न.पा. वडा नं. ५ मानभवन बस्ने वर्ष ६३ को नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. को **प्रमुख कार्यकारी अधिकृत (CEO) ज्योति प्रकाश पाण्डे** निजले प्रयोग गर्ने मोबाईल फोन स्विच अफ गरी भाग्दै गरेको अवस्थामा जिल्ला प्रहरी कार्यालय सिन्धुलीबाट खटिएको प्रहरी टोलीको सहयोगमा जिल्ला सिन्धुली कमलामाई नगरपालिका वडा नं ६ बसपार्कस्थित मदनभण्डारी राजमार्गबाट सवारी चेकजाँचको क्रममा मिति २०८३/०१/२९ गते राति अन्दाजी २०:०० बजेको समयमा पक्राउ गरी अनुसन्धान भईरहेको।

साथै नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.ले मिति २०८२/०६/०३ गते लिलामीको सूचना निकाल्ने क्रममा बुदा नं. २ मा "लिलाम विक्री गरिने दूरसञ्चार सेवासँग सम्वन्धिंत विभिन्न उपकरण लगायतका सामाग्रीहरु जडान भएका घर – जगा धनीहरुलाई स्मार्टसेलले बुझाउनु पर्ने बाँकी घर वाहल र बिद्युत महशूल रकम समेत रु. ४० करोड (उल्लेखित उपकरणहरुको लागि कबूल गरिने रकममा थप गरी) एकमुष्ठ रकम कबुल गरी बोलपत्र पेशगर्नु पर्ने" भनी उल्लेख गरी बोलपत्र पेश गर्न सूचना प्रकाशित भएकोमा सो रकम बैंकले लिई हालसम्म घर धनिलाई घरबहालको साथै बिद्युत महशुल समेत नदिई/नतिरी मुलुकी अपराध संहिता, २०७४ अन्तर्गत ठगी तथा आपराधिक विश्वासघात गरेको कसूरमा समेत अनुसन्धान भई रहेको।

प्रवक्ता
शिव कुमार श्रेष्ठ
(प्रहरी वरिष्ठ उपरीक्षक)
सम्पर्क नं.९८५१२९१३११